म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १८४ बिहीबार, १ फागुन २०८१ ने. सं. ११४५ सिल्लाथ्व 13 February 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बकैयामा एक घरमा आगलागी



हेटौंडा, ३० माघ/मकवानपुरको बकैया गाउँपालिका-१० रुक्सीर्ईमा आगोलागीबाट एकघर पूर्णरुपमा जलेको छ । स्थानीय अजय मोक्तानको जस्ताले छाएको भुईंतले काठ र माटोले बनेको कच्चिघरमा चुलोबाट अचानक कपडामा आगो सल्केर आगलागी हुँदा घर जलेको हो ।

आगलागीबाट मानबीय तथा चौपाय क्षति नभएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । अआगोलागीबाट कोदो, पिठोलगायत अन्न र भाडाकुँडा जलेको प्रहरीले जनाएको छ ।

# उद्योगमन्त्री तामाङ कुबेरको उद्योगमा

साझाकुरा संवाददाता

हेटौंडा, ३० माघ/ मकवानपुरगढी गाउँपालिका-३ मा कुबेर तिमल्सिनाले सुरु गरेको तिमल्सिना नेपाली हाते कागज उद्योगमा बागमती प्रदेशकी उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री शुकुमाया तामाङले अवलोकन गरेकी छन् ।

तिमल्सिनाको नेपाली हाते कागज उद्योगको निरीक्षणका लागि उद्योगमन्त्री तामाङ बुधवार उद्योगमा पुगेर केराको थामबाट कागज निर्माण गर्ने प्रक्रियासँगै उद्योगको अवस्था अवलोकन गरेकी हुन् । उनले कागज उद्योगको प्रवर्द्धन गर्दै, प्रदेश सरकारबाट आवश्यक सामग्री र सहयोग उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरिन् ।

मन्त्री तामाङले कागजको निर्माणलाई थप प्रोत्साहन गर्दै, नेपाली हाते कागजको प्रयोगलाई बढावा दिनका लागि मन्त्रीस्तरीय बैठकमा यस विषयमा छलफल गर्ने जानकारी दिइन् । मकवानपुरगढी गाउँपालिका-३ का कुबेरले युट्युब मार्फत् सीप सिकेर केराको थामबाट कागज उत्पादन गर्न थालेका छन् । डेढ महिनाअघि ३ लाख रुपैयाँको लगानीमा कागज उत्पादन थालेका तिमल्सिनाले हालसम्म ७ लाख लगानी गरिसकेका छन् । १ लाख रुपैयाँको कागज विक्री गरिसकेको उनले बताएका छन् ।



८ वर्ष वैदेशिक रोजगारीको क्रममा साउदीअरब बसेर फर्किएका गढीका कुबेर पछिल्लो समय केराको थामबाट कागज बनाउन ब्यस्त छन् । सन् २०११ देखि साउदीअरबमा ड्राइभिङ गरेर फर्किएका मकवानपुरगढी-३ का कुबेरले युट्युबमा हेरेकै भरमा कागज उत्पादन सुरु गरेको बताएका छन् । विदेश बस्दा उनलाई मात्रृभूमिमा केही गर्नुपर्छ भन्ने कुराले मन पिरोलिरहन्थ्यो । नेपालमै पसिना बगाएर केही गर्छु भन्ने हुटहुटी बोकेर फर्किएका तिमल्सिनाले काठमाडौंमा ट्याक्सी किनेर ५ वर्ष चलाए ।

'विदेशमा मेरो काम राम्रै थियो तर, मलाई स्वदेशमा केही गर्नुपर्छ जस्तो लागेर फर्किएँ । त्यसपछि मैले ट्याक्सी किनेर काठमाडौंमा चलाएँ,' उनले भने, 'कोरोना महामारी फैलियो र लकडाउनमा मेरो ट्याक्सी व्यवसाय पनि नराम्ररी प्रभावित भयो ।' १२ कक्षासम्म अध्ययन गरेका कुबेरले १८ महिने भेटेनरीसम्बन्धी अध्ययन पनि गरे । ट्याक्सीबाट पनि खासै कमाई नभएपछि उनले बाखापालन थाले । वर्षभरि जोखिम लिएर पालेको खसीबोका ब्यापारी र बिचौलियामार्फत् बिक्री गर्नुपर्दा उनलाई बाखापालनमा पनि चित्त बुझेन ।

त्यसपछि उनलाई गाउँमै बसेर केही उत्पादन गर्नुपर्छ भन्ने लाग्यो । उनले युट्युबमा हेर्दै जाँदा केराको थामबाट धागो, कागज, कपडाजस्ता धेरै वस्तु बनाउन सकिने थाहा पाएपछि केराको बोटबाट कागज उत्पादन सुरु गरेको बताउँछन् कुबेर । 'मकवानपुरगढीमा धेरै केराखेती हुन्छ । केरा बेचिसकेपछि हामीले त्यसको बोट काटेर फाल्छौं तर, यसबाट धेरै कुरा बन्ने कसैलाई थाहा नहुँदा सदुपयोग नगरेको देखिन्छ,' तिमल्सिनाले भने, 'युट्युबमा हेरेर मैले थाहा पाएपछि यसलाई सदुपयोग गर्नुपर्छ भनेर उत्पादन गर्न थालें ।'

डेढ महिनाअघिमात्र ३ लाख रुपैयाँको लगानीमा कागज उत्पादन गर्न थालेका तिमल्सिनाले हालसम्म उद्योगमा ७ लाख लगानी गरिसकेका छन् । छोटो समयमै कागज उत्पादन थालेको उनको नेपाली कागज गढी गाउँपालिकाले ५ हजार पिस खरिद गरिसकेको छ । वार्षिक ५० हजारसम्म नेपाली कागज खरिद गर्दै आइरहेको गाउँपालिकाले अबका दिनमा आफ्नै स्थानीयले उत्पादन गरेको कागज खरिद गर्ने बाचा गरेको उनले बताए ।

कागज खरिदका लागि अर्डर आइरहेको तिमल्सिनाले बताएका छन् । पहिलो प्रयासमै कागज उत्पादन गर्न सफल भएपछि यसलाई अझै व्यवस्थित ढंगले अघि बढाउने सोच बनाएका कुबेरलाई उद्योगमत्री तामाङसँगको भेटपछि उत्साह थपिएको बताएका छन् । केराको थामबाट रेशा निकाल्ने र त्यसलाई पकाएर सफा गरेर घाममा सुकाएपछि नेपाली कागज बन्ने उनले बताए ।

केराबाट बनेको कागजलाई ब्राण्ड बनाउने सोच रहेको उनी बताउँछन् । केराबाट बन्ने वाइन, कपडा, चिप्स, धागो, ग्रिन पाउडरलगायत सबै उत्पादन गर्न सकिने उनले बताए । खेर गएको केराको बोटको महत्व बुझाउन मेशिनसहितको ठूलो उद्योग स्थापना गरेर १५/२० जनालाई रोजगारी दिने उनको लक्ष्य छ । यसका लागि उद्योगमन्त्री तामाङको सहयोग मिल्ने कुरामा उनी आशावादी देखिएका छन् ।

# बालमैत्री नगर घोषणा आज




साझाकुरा संवाददाता

हेटौंडा, ३० माघ/ हेटौंडा उपमहानगरपालिका भित्रका शैक्षिक संस्था बिहीबार बन्द हुने भएका छन् । बालमैत्री स्थानीय शासनयुक्त उपमहानगरपालिका घोषणा कार्यक्रम हुने भएकाले उपमहानगरभित्रका सम्पूर्ण निजी तथा सामुदायिक शैक्षिक संस्था बन्द हुने उपमहानगरले जनाएको छ ।

बुधबार सूचना जारी गर्दै फागुन १ गते बालमैत्री स्थानीय शासनयुक्त उपमहानगरपालिका घोषणा कार्यक्रम हुने हुँदा सम्पूर्ण निकायका कर्मचारी कार्यक्रममा सहभागी हुनुपर्ने भएकाले एकदिन सम्पूर्ण विद्यालयको पठनपाठन बन्द रहने जनाएको हो । उपमहानगरपालिकाले सबै निजी तथा सामुदायिक विद्यालयलाई विद्यालय बन्द गरेर कार्यक्रममा सहभागी हुनको लागि परिपत्र गरेको उपमहानगरका प्रवक्ता सबिन न्यौपानेले जानकारी दिए । शैक्षिक संस्था, वडा कार्यालय, स्वास्थ्य संस्थालगायत सबै निकायका सेवा सुचारु नहुने जनाइएको छ ।

# आज बागमती गाउँपालिकामा बिदा

साझाकुरा संवाददाता

हेटौंडा, ३० माघ/ मकवानपुरको बागमती गाउँपालिकामा फागुन १ गते (आज) सार्वजनिक बिदा दिइएको छ । गाउँपालिकाले जनयुद्ध दिवसको अवसरमा आज बिहिवार सार्वजनिक विदा दिएको हो ।

गाउँपालिकाका अध्यक्ष सर्केश घलानले बुधबार एक सूचना जारी गर्दै जनयुद्ध दिवसको अवसरमा गाउँपालिकाले सार्वजनिक विदा दिएको जानकारी गराएका छन् । बिहिवार बसेको गाउँ कार्यपालिका बैठकले विदा दिने निर्णय गरेको जनाइएको छ ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**



- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

# हेटौंडा सिटी कलेजमा खेलकुद सप्ताह



साझाकुरा संवाददाता

हेटौंडा, ३० माघ/ हेटौंडा ५ पिप्लेस्थित हेटौंडा सिटी कलेज तथा जेनिथ माध्यमिक विद्यालयको वार्षिक खेलकुद कार्यक्रम खेलकुद सप्ताह सुरु भएको छ । बुधबार विहान तीन किलोमिटर दौड प्रतियोगिता आयोजना गर्दै खेलकुद सप्ताहको सुरुवात गरिएको हो ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक श्यामु अर्यालको प्रमुखआतिथ्यता तथा हेटौंडा-५ का वडाअध्यक्ष सुशील घिमिरेको विशेष आतिथ्यतामा दौड प्रतियोगिता भएको हो । क्याम्पसका अध्यक्ष रमिता पाण्डेको अध्यक्षतामा भएको दौड प्रतियोगितामा २१ जना छात्रले सहभागिता जनाएका थिए । दौड हेटौंडा बुद्धचोकबाट सुरुभई कलेज परिसरमा पुगेर समापन भएको थियो ।

प्रतियोगितामा प्रथम अजिम खान, द्वितीय रोशन चौधरी र तृतीय मधुसुदन अर्जेल भएका छन् । त्यस्तै एक सय मिटर दौड प्रतियोगितामा मधुसुदन अर्जेल प्रथम, साजन मोक्तान द्वितीय र उज्ज्वल श्रेष्ठ तृतीय भएका छन् । छात्रातर्फ सवनम खातुन प्रथम भएको विद्यालयका प्रिन्सिपल श्रीबहादुर कार्कीले बताए ।

खेलसप्ताहमा छात्रछात्राको फुटबल, भलिबल, क्रिकेट, टेबुल टेनिस, ब्याडमिन्टन, म्युजिकल चियर, क्वीज प्रतियोगिता, बुद्धिचाल, हाइजम्प, लमजम्प, ईन्टरनेट गेम कोडी, ईफुटबललगायत खेल हुने प्रिन्सिपल कार्कीले बताए । प्रतियोगितामा माध्यमिक तह र स्नात्तक तह अध्ययनरत विद्यार्थीको सहभागिता रहेको छ ।

# सुनसान बाइरोड, पर्यटकबिहीन दामन

साझाकुरा संवाददाता

हेटौंडा, ३० माघ/यो वर्षको हिउँदयाम सकिन दुई सातामात्र बाँकी रहँदा पनि पानी नपरेका कारण मकवानपुरको पर्यटकीय क्षेत्र दामनका होटलहरु सुनसान बनेका छन् । कुनै समय आन्तरिक र बाह्य पर्यटकको बाक्लो उपस्थिति रहने दामन क्षेत्रका आधा दर्जन बढी होटल अहिले सुनसान बनेका हुन् ।

तराई र काठमाडौं जोड्ने राजमार्ग त्रिभुवन राजपथ हुँदै पुगिने पर्यटकीय क्षेत्र दामन अहिले सुनसान बनेको हो । पछिल्लो सयम पर्यटकीय क्षेत्रको विस्तार र नयाँ गन्तव्य थपिनुका साथै तराईसँग काठमाडौं जोड्ने सडक सञ्जालको नयाँ विकल्प र बिस्तारसँगै यहाँको पर्यटनमा कमी आएको स्थानीयवासीको भनाई छ । दामन क्षेत्रमा दुई दशकदेखि होटल व्यवसाय गर्दै आएका राजेन्द्र भुजेलले हेटौंडा-काठमाडौं तीन घण्टामा पुग्ने बाटो खुलेपछि त्रिभुवन राजपथ खण्डबाट आवतजावत गर्ने सवारीसाधन न्यून भएको बताए ।

'त्रिभुवन राजपथ हुँदै हेटौंडाबाट काठमाडौं जाँदा ७ घण्टा लाग्छ, हेटौंडा-कुलेखानी वा कान्तिलोकपथ हुँदै काठमाडौं जाँदा ३ घण्टामै पुग्न सकिने भएकाले यो सडकखण्ड प्रयोग गरेर आवतजावत गर्नेको संख्या न्यून छ,' होटल व्यवसायी भुजेलले भने । आफ्नै




घरमा होटल व्यवसाय सञ्चालन गरेका कारण मात्रै यो पेसामा टिकेको बताउँदै उनले व्यापार नहुँदा होटल व्यवसाय नै धराशायी अवस्थामा पुगेको बताए ।

विगत २२ वर्षदेखि दामनमा होटल सञ्चालन गरिरहेकी होटल शेर्पाकी सञ्चालक मञ्जु शेर्पाले पर्यटकको आगमन आधा घटेको जानकारी दिइन । जाडो सिजनमा हिउँ परेको बेला वीरगन्ज, चितवन, हेटौंडाबाट आन्तरिक पर्यटक आउने गरेपनि यसपालि हिउँ नपरेका कारण पर्यटकको आगमन न्यून भएको उनले बताइन् । विगत १४ वर्षदेखि होटल व्यवसाय गर्दै आएका अधिकारी होटल एण्ड लजका सञ्चालक सुरज अधिकारीले पनि विगतको तुलनामा यसवर्ष धेरै कम व्यापार भएको बताए ।

चार दशकदेखि होटल व्यवसाय गर्दै आएकी सुधेसा भुजेलले कुलेखानीको बाटो नखुल्दा व्यापार राम्रो भएपनि अहिले यो राजमार्ग हुँदै जानेको संख्या न्यून रहेको बताइन् । पहिले नियमित खाना बनाउने गरेपनि अहिले अर्डर आएपछि मात्रै खाना बनाउने गरेको स्मरण गर्दै पर्यटकको आगामन घटेकोमा उनले चिन्ता व्यक्त गरिन् । मकवानपुरको थाहा नगरपालिकासँग २० वर्ष अवधिका लागि भाडामा लिएर दामन रिसोर्ट सञ्चालन गरि रहेका गोविन्दप्रसाद घिमिरेले केही समय बन्द भएको रिसोर्ट पुन: निर्माण गरेर सञ्चालन गरिरहेको बताए ।

दामन भ्युटावरवाट विश्वको सर्वोच्चशिखर सगरमाथा सहित २५ भन्दा बढी उच्चहिमशिखरको प्रत्यक्ष मनमोहक दृश्यावलोकन गर्न सकिने बताउँदै उनले आकर्षक पदमार्ग, शीतोष्ण हावापानी, विभिन्न धार्मिकस्थल, प्रशस्त जैविकविविधता, सम्पदा रहेकाले यहाँको भ्रमण गर्न आग्रह गरे । पर्यटकीयस्थलको रुपमा रहेको दामन काठमाडौं उपत्यकाबाट नजिकको दूरीमा रहेर पनि सुनसान अवस्थामा छ ।

|| बिशेष आकर्षण ||




हेटौंडा आईडल
Construction Expo-2



CONSTRUCTION EXPO-2
दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१
फागुन २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म
स्थान : हेटौंडा-१०, टिसिएन चौर ।
आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर । सम्पर्क: ०५७-५२०८१६

महोत्सवका आकर्षणहरू
- निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री ।
- बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री ।
- सूचना प्रविधि प्रदर्शनी ।
- कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता ।
- दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रश्तुती ।
- शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्वस ।
- मनोरञ्जनात्मक बाल उद्यान ।
- नविनतम उपकरणहरुको प्रदर्शनी ।
- नयां/नौलो प्रबिधिको प्रदर्शनी ।

साझाकुरा

## हाम्रो कुरा

# आज बालमैत्री घोषणा

बागमती प्रदेशको एकमात्र उपमहानगरलाई आज धुमधामसहित बालमैत्री घोषणा गरिने भएको छ । मंगलबार पत्रकार सम्मेलनको आयोजना गर्दै हेटौंडा उपमहानगरलाई आज फागुन १ गते बालमैत्री घोषणा गर्न लागेको जानकारी गराइएको हो । पूर्वमा बकैया गाउँपालिका, पश्चिममा मनहरी र राक्सिराङ गाउँपालिका, उत्तरमा मकवानपुरगढी, भीमफेदी, कैलाश गाउँपालिका र दक्षिणमा मधेश प्रदेशको बाराको उत्तरी सीमानामा पर्ने हेटौंडा उपमहानगरको कुल क्षेत्रफल २६१ दशमलव ५८ वर्ग किलोमिटर रहेको छ । उपमहानगरमा १८ वर्ष भन्दा कम उमेर समूहका ५० हजार १९५ जनसंख्या रहेका छन् । जसमा २६ हजार १४५ बालक र २४ हजार ५० बालिका रहेका छन् । पत्रकार सम्मेलनमा नगरप्रमुख मीनाकुमारी लामाले विभिन्न सूचक पूरा गरेसँगै हेटौंडा उपमहानगरलाई 'निकृष्ट बालश्रममुक्त, बालविवाहमुक्त तथा बालमैत्री स्थानीय शासनयुक्त' घोषणा गर्न लागेको बताइन् । घोषणा कार्यक्रम अघि बिहान १० बजेबाट बुद्धचोक, राप्तीरोड, हेटौंडा-६ न्युरेनी पेट्रोलपम्प, स्कुलरोड, बलराम दास पेट्रोलपम्प हुँदै क्याम्पा रंगशालासम्म बृहत प्रभातफेरी कार्यक्रमको आयोजना गरिने बताइएको छ ।

कार्यक्रमलाई नगरको गौरब, प्रतिष्ठा र शानको विषयको रुपमा लिई यो अभियानलाई सभ्य र भव्यरुपमा सम्पन्न गर्न सम्पूर्ण नगरबासीले आ-आफ्नो स्थानबाट सहभागी भई सहयोग गर्न लामाले आग्रह गरेकी छन् । बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ र बालमैत्री घोषणा कार्यान्वयन कार्यविधि २०७९ ले हेटौंडाको सबै वडा बालमैत्री घोषित भइसकेको छ । हेटौंडाको १९ वटै वडा बालमैत्री घोषित भएसँगै उपमहानगरलाई पनि बालमैत्री घोषणा गर्न लागेको हो । बालमैत्री स्थानीय शासनयुक्त नगर समिति तथा घोषणा मूलसमारोह समिति संयोजक रहेकी नगरप्रमुख लामाले बालमैत्री घोषणा गर्न हेटौंडा उपमहानगरका वडामा विभिन्न संरचना बनाइएको बताइन् । हेटौंडालाई बालमैत्री बनाउन विभिन्न चुनौती रहेको बताउँदै लामाले सरोकारवाला स्थानीय तहलाई बालमैत्री घोषणा गर्नुभन्दा पनि त्यसलाई निरन्तरता दिनु ठूलो चुनौती रहेको बताइन् । बालमैत्री घोषणा गर्न आवश्यक बालमैत्री स्थानीय शासनका ५१ सूचकमा हेटौंडा उपमहानगरपालिकाले ४३ वटा सूचकमा सतप्रतिशत, एउटा सूचनकमा ९९ दशमलव ९४ प्रतिशत, एउटा सूचकमा ९९ दशमलव ८९ प्रतिशत, एउटा सूचकमा ९९ दशमलव ८७ प्रतिशत, एउटा सूचकमा ९९ प्रतिशत, एउटा सूचकमा ९८ दशमलव ६३ प्रतिशत, एउटा सूचकमा ९६ दशमलव ८४ प्रतिशत, एउटा सूचकमा ९१ प्रतिशत र एउटा सूचक ८८ दशमलव ०६ प्रतिशत नजिता हाँसिल गरेको छ ।

बालबालिकाको संख्यालाई आधार मान्दा ५२ दशमलव ८ प्रतिशत बालक र ४७ दशमलव २ प्रतिशत बालिका रहेका छन् । उपमहानगरमा २६५ टोलस्तरीय र १०६ वटा बालसमूह गरी जम्मा ३७१ वटा ३७१ बालसमूह तथा १९ वडास्तरीय र १ नगरस्तरीय गरी २० वटा बालसमूह सञ्जालसहित ३७१ वटा बालबालिकाका संरचना क्रियाशील अवस्थामा छन् । ती विभिन्न संरचनागत समिति समेत गरी ९ हजार २५० जना बालिबालिकाको प्रत्यक्ष सहभागिता रहेको बताइएको छ । यसअघि नेपालकै पहिलो बालमैत्री गाउँपालिका घोषणा गर्ने क्रममा मनहरी गाउँपालिकाले केही त्रुटी गरेको थियो । पहिलो गाउँपालिका बन्ने होडमा कतिपय सूचकमा नतिजा आउन नपाउँदै हतार हतारमा घोषणा गरेकै कारण अहिले पनि मनहरीमा समस्या आइरहेको छ । बालमैत्री गाउँपालिकामा बालबिवाह रोकिएको छैन । बालश्रम रोकिएको छैन । पालिका भित्रका नागरिकलाई जवाफदेही बनाउन सके मात्र घोषणा फलदायी हुने निश्चित छ । नत्र घोषणाका लागि घोषणा मात्र बन्ने सम्भावना रहन्छ । घोषणापछिका चुनौतीलाई पनि बेलैमा आंक्लन गर्नु जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ फागुन २ गते शुक्रबार १४ फेब्रुअरी २०२५ । द्वितीया, फागुन कृष्णपक्ष । सिल्लागा ११४५ ने.सं. । सूर्योदय ६:४४, सूर्यास्त ५:५३ । प्रणय दिवस ।


## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : व्यापारमा फाइदा मिल्नेछ | तुला | : प्रतिष्ठित काम पाइनेछ |
| वृष | : इनाम हात पर्नेछ | वृश्चिक | : सामाजिक दायित्व बढ्नेछ |
| मिथुन | : श्रम खेर जानेछ | धनु | : काममा सहयोग मिल्नेछ |
| कर्कट | : पढाइमा प्रगति हुनेछ | मकर | : अनावश्यक खर्च हुनेछ |
| सिंह | : उत्साहमा कमी आउनेछ | कुम्भ | : चिताएको काम बन्नेछ |
| कन्या | : आफन्तबाट धोका हुनेछ | मीन | : नसोचेको फाइदा पाइनेछ |

# केजरीवालको ढर्रा र यताका 'नयाँ' को पारा



✍ हरि शर्मा



अरविन्द केजरिवालको उदय जोडिन्छ 'इन्डिया अगेन्स्ट करप्सन् मुभमेन्ट' सँग । कमनवेल्थ गेम र थुप्रै आयोजनाहरुमा भ्रष्टाचार भएको भन्दै भारतमा नागरिक तहबाट आवाज उठ्दै गयो । विगतमा कर्मचारी पृष्ठभूमिबाट आएका केजरीवाल यसको अगुवाका रुपमा उदाउन थाले । अन्ना हजारेको सत्याग्रहले उक्त आन्दोलनलाई अझै बल दिइरहेको थियो । उसो त भारतका पूर्वअडिटर जनरल विनोद राईले आफूले अडिट रिपोर्ट तयार पारेका कोल स्क्याम, थ्रीजी स्क्याम आफैंमा राजनीतिक स्वार्थवश प्रभावित थिए भनी पछि स्वीकार गरे । तैपनि, जनतामा भारतको शक्तिशाली वर्ग कसरी भ्रष्टाचारमा लिप्त छ भन्ने परिसकेको थियो । कतिपय मान्छेहरु त्यस न्यारेटिभमा परिचालित नै भएर नियोजित प्रचारमा लागेका थिए होलान्, तर हजारौं भारतीय युवाहरु आफैंमा परिचालित थिए भन्न मिल्दैन ।

सन् २०१२ मा आम आदमी पार्टी गठन भयो । अर्को २०१३ को विधानसभा चुनावमा कंग्रेसले दिल्लीमा झट्का खायो । जनलोकपाल बनाएर भ्रष्ट ठेगान लगाउने सपना देखाइरहेका केजरीवालको नेतृत्वमा आम आदमी पार्टीले सरकार बनायो । त्यसबीचमा धेरै राजनीतिक उतारचढाव भए । ४९ दिनजति मुख्यमन्त्री चलाएपछि केजरीवालले काम गर्न बाधा पैदा गरिएको भन्दै राजीनामा दिए । उनी फेरि चुनावबाट अझै बढी मत र समर्थनसहित मुख्यमन्त्री भएर आए । त्यसपछि उनको छवि नै सुशासनका अगुवाका रुपमा बन्न गयो । २०१४ मा भाजपाका नरेन्द्र मोदी प्रधानमन्त्री भएर आउनुअघिसम्म राजधानी दिल्लीमा आम आदमी पार्टी (आप) र कंग्रेस आईबीच तनाव देखिन्थ्यो । अब दृश्यमा भाजपा देखा पऱ्यो ।

सुरुका वर्षहरुमा भाजपा स्वयं दिल्लीका मध्यमवर्गसँग नजिक बन्न सकेको थिएन । भारतभरि उसको प्रभाव बढ्दा पनि दिल्लीको संस्थापन वरिपरि बस्ने नागरिकहरुले भाजपालाई समर्थन दिइसकेका थिएनन् । केजरीवाल र आपलाई यसको प्रत्यक्ष लाभ मिलिरहेको थियो । तर, दिल्ली सरकार चलाउने क्रममा, अनि बीचका वर्षहरुमा लोकसभा र विधानसभामा प्रतिस्पर्धा गर्ने क्रममा आप नेताहरुका बोली र व्यवहारलाई मतदाताले तुलना गर्न पाए । अझ सुशासनको नारा दिएर खुलेको आपका नेताहरु नै विभिन्न प्रकरणहरुमा समातिने, जेल पर्ने क्रम जारी रह्यो । जनलोकपालको मुद्दा त कता हरायो, हरायो ।

बरु उल्टै योबीचमा स्वयं केजरीवाल जेल परे । मनिष सिसोडिया लगायत नेताहरुले विभिन्न काण्डहरु बेहोरे । केजरीवाल छुटेर चुनावमा भाग लिए । अनि भर्खरै दिल्ली चुनावमा हारे । चुनाव नतिजाबारे सूचनाहरु आम जानकारीमै छन् । नेपालमा पनि वैकल्पिक नारा दिएर दलहरु खुल्ने क्रम जारी रहेका बेला केजरीवाल, अनि आम आदमीको हार सबैको जिज्ञासाको केन्द्रमा छ । केजरीवालको पराजयसँगै विभिन्न कोण-प्रतिकोणबाट विमर्श चलिरहेका छन् । तर एउटा आधारभूत प्रश्न छुटिरहेको छ- सडकबाट घोषणा गरिएका अभियानहरु दलमा रुपान्तर हुन सक्छन् कि सक्दैनन् ?

जस्तो कि, बेलायतमा लेबर पार्टीको स्कुलिङ हेरौं । श्रमिक अभियानमा वा लेबर पार्टीका नीति कार्यक्रममा कुनै न कुनै रुपमा सहभागी भएकाहरु त्यो दलमा लाग्छन् । आफ्नो परिवारलाई चिनाउँदा म लेबरको दृष्टिकोणबाट हुर्केको व्यक्ति हुँ भन्ने चलन छ । त्यसको एउटा धरातल हुन्छ । वर्गीय चिन्तन उनीहरुको बुझाइमा अभिव्यक्त हुन्छ । नेपाल र भारतमा उपनिवेशविरोधी धारणाबाट बने, यिनको वर्गीय धरातल बनेन । किनभने आर्थिक विकास, औद्योगिक उत्पादन, व्यापार आदिको विकास हाम्रोमा थिएन । चीनमा किसान थिए, अहिले किसानको धरातल धेरै छैन । बरु आर्थिक क्षेत्रबाट नेताहरु आइरहेका छन् ।

भारतमा कम्युनिस्टहरु विश्वव्यापी साम्यवादी धारणाको प्रभावमा कलकत्ता, बम्बई, दक्षिण भारततिर प्रभावशाली देखिए । अन्यत्र धेरै आएनन् । त्यसैले मेरो मनमा प्रश्न छ, उपनिवेशविरोधी राष्ट्रिय आन्दोलनबाट विकास भएका पार्टीहरु नै लोकतान्त्रिक विचारका प्रतिनिधि हुन सक्छन् ? तिनले नै लोकतान्त्रिक आन्दोलन समेत उस्तै क्षमताका साथ हाँक्न सक्छन् ? भारत बाहेकका उपनिवेशविरोधी आन्दोलन गरेका देशहरु हेरौं । बर्मा, श्रीलंका, केन्या, तान्जानिया, इजिप्ट, अरु धेरै देशहरु । उपनिवेशबाट मुक्ति पाएको केही समयमै उनीहरु निरंकुश अधिनायकवादतिर गएको देखिन्छ । सन् १९४० देखि ६० सम्म यस्तो भयो ।

नेतृत्व बलियो भयो भने यस्तो संकट पैदा हुँदैन । इन्दिरा गान्धीलाई बाहेक गरेर भारतीय राष्ट्रिय कांग्रेसका नेताहरुको विरासत हेरौं । उनीहरुले निरंकुश अधिनायकको प्रवृत्ति (अथोरेटिरियन टेन्डेन्सी) होइन, प्रतिनिधिमुलक नेतृत्व (रेप्रेजेन्टेटिभ लिडरसिप)को प्रवृत्ति नै देखाए । भारतीय स्वतन्त्रता संग्राममार्फत देशलाई जोडेको पृष्ठभूमिबाट आएकाले पार्टीभित्र त्यो भावना व्यक्त भइरहन्थ्यो । अब केजरीवालको उदयलाई हेरौं । त्यो कांग्रेस आईजस्तो थिएन, बिल्कुल शहरकेन्द्रित मुभमेन्ट थियो, जसले राजनीतिक समस्याहरुको प्राविधिक समाधान खोज्न बल गर्थ्यो । तुरुन्त तर अस्थायी समाधान । त्यहाँ अख्तियार गरिएका सार्वजनिक नीतिले दिल्लीको गरिबी समाधान गर्ने होइन, रेबडी बाँडेर भए पनि तत्काल उकुसमुकुस हटाएको अनुभूति दिलाउन खोज्थ्यो ।

अनि, कुन सामाजिक वर्गले केजरीवाल छान्यो, त्यसको आधार हेरौं । व्यावसायिक प्राविधिक मध्यमवर्ग नै केजरीवाल उदयको मूल आधार थियो । याद गर्नुपर्ने के छ भने, दिल्लीमा खस्ने अधिकांश भोट चाहिँ गरिब, सुकुम्बासी, बसाइँ सरी आएकाहरुहरुसँग थियो । ती मतदाताहरुलाई सम्बोधन गर्न सरकारले बनाउने नीतिहरुमा ठूलो विरोधाभास देखियो । यथार्थमा केजरीवाल र आप हामी गरिबका लागि बोल्छौं भनेर आएका थिएनन्, केवल मध्यमवर्गलाई सेवा दिन आएका थिए । मध्यम वर्गजस्तो अवसरवादी कोही हुँदो रहेनछ । मध्यमवर्गलाई सुरुमा त केजरीवाल नै ठिकठाक मन परेको थियो । तर जब केन्द्र सरकारको शासन सम्हाल्न मोदी आए, तब मध्यमवर्गको महत्वाकांक्षा फेरियो र चुलियो । मोदी उदयसँगै मध्यमवर्गको तुष्टिका लागि धर्म, व्यापार व्यवसाय, इज्जत प्रतिष्ठा प्रधान बने ।

हाम्रो प्रधानमन्त्रीले अमेरिकाको म्याडिसन गार्डेनमा गएर भाषण गर्यो भनेर भारतको मध्यमवर्ग त्यसै मखलेल हुन थाल्यो । मोदीले भारत अब विश्वगुरु बन्छ भनेर घोषणा गर्दा ऊ मख्खै पर्यो । मध्यमवर्गले अब मोदीमा केजरीवालभन्दा खतरा नायक देख्न थाल्यो । केजरीवाल यथार्थमा कुनै वैचारिक आधार स्तम्भमा होइन, केवल खास समयको फ्लुकमा पदार्पण भएका पात्र थिए । यसको मतलब उनले केही पनि राम्रो गरेनन् भन्ने होइन । उनले शहरी सेवाका क्षेत्रमा केही राम्रो अवश्य गरेका हुन् । पानी, बिजुली लगायत विषय यसैमा पर्छन् । तर उनी जब मुख्यमन्त्री भए, उनका पनि प्राथमिकता बदलिए । उनले पञ्जाब, हरियाणा, गोवातिर नजर लगाउन थाले ।

गोवामा कंग्रेस हराउने, पञ्जाबमा कंग्रेसको विरुद्ध उठने, अनि जब दिल्लीमा आफूलाई संकट पर्छ, तब उही कंग्रेसको समर्थन खोज्ने- केजरीवाल यही सटकटमा हिँड्न खोजिरहेका थिए । यस्तो अस्थिर र अराजनीतिक प्रवृत्तिलाई मतदाताले पत्याउने अवस्था थिएन । नतिजा तपाईं हाम्रो सामुमा छ । सुशासनको नारामा भ्रष्टाचारका काण्ड त देखिएका अरु कारण भइहाले । नेपालमा पनि केजरीवालकै सिको गर्दै यस्ता शक्ति र पात्रहरु उदाउने क्रम छ । उनीहरुले यस्तै असन्तोषहरुलाई समाउन खोज्छन् । स्वार्थी, साँघुरो र शहरकेन्द्रित मात्रै नाराहरु छन् उनीहरुसँग । उनीहरु समानता, न्यायको राजनीतिक सम्बोधन साटो प्राविधिक समाधान खोज्छन्, केजरीवालकै जस्तो गरी ।

यस्ता पात्र उदाउने भनेको तत्काल उदाउँदै गरेको फ्रस्ट्रेसनमा खेलेर आउने नै हो । असन्तोषलाई राजनीतिक शक्तिमा बदल्न सम्भव छ ? यहाँ पनि मदन भण्डारी बित्दा शोकलाई शक्तिमा बदल्ने भनियो । के यसरी राजनीतिमा सधैंभरि अपिल गरिरहन सम्भव छ ? सँगै प्रश्न उठ्छ, तेस्रो प्रधानमन्त्रीकालसम्म आउँदा मोदी प्रभाव भारतका अन्यत्र राज्यमा घट्दै जाँदा दिल्लीमा किन बढ्यो ? यसको जवाफ १० वर्ष टिकेको राष्ट्रिय शक्तिले कुन स्तरको प्रभाव देखाउँछ भन्नेमा लुकेको छ । ऊसँग सबैथोक हुन्छ एक किसिमले । त्यसैले मोदी र भाजपाले हरियाणामा जातको मुद्दा प्राथमिक बनाए ।

दिल्लीमा पैसा, शक्ति, राज्यको प्रभाव सर्वाधिक प्रयोग गरे । भाजपाले कसरी चुनाव जित्छ भनेर पत्रकार प्रशान्त झाले 'हाउ बिजेपी विन्स' पुस्तक नै लेखेका छन् । त्यस किताबमा उनले भाजपालाई 'विनिङ पोलिटिकल मसिन' भनेका छन् । 'इन्भिन्सिबल मसिन,' अर्थात् अपराजेय शक्तिशाली चुनावी यन्त्र । यस्तो अपराजेय शक्ति प्रयोग गर्दै दिल्लीमा जसरी पनि जित्नु थियो मोदीलाई । केजरीवालका गल्तीमा राज्यले गर्न सक्ने सम्भावित कारबाहीलाई उनले बढाइँचढाई प्रयोग गरेका हुन सक्छन् । तर केजरीवालले त्यसबीचमा प्रशस्त कमजोरी गरिसकेका थिए । उनले सच्याउने बाटो लिएका थिएनन् ।

मोदी पनि गल्तीरहित कहाँ थिए र ! जी २० का बेला बनेका पूर्वाधार धरासायी बनेका थिए । एक्जिबिसन रोडबाट पानी पस्न थालेको थियो । कोभिड महामारीमा त्यत्रो मान्छे मरेको बिर्सन सकिँदैन । गंगामा त्यत्रो धेरै लाश देखिएकै हो । अझ आधारभूत आवश्यकता अर्थात् अक्सिजन नपाएर नै दिल्लीमा मात्रै कति धेरै मानिस मरे । तर यस्ता भयावह यथार्थहरुलाई त्यहाँका नागरिक सम्झन्छन् ? अझ भनौं, सम्झन चाहन्छन् ? मोदीको राजनीतिक शक्ति यति बलियो छ कि विज्ञापन लगायत खर्चमा फुर्मास गर्न कुनै समस्यै छैन ।

यस्तोमा केजरीवाल आफ्नो राजनीतिक साख स्थापित गर्न होइन, उनै मोदीकै सिकोमा लागे । क्रिश्चियनको प्रभाव रहेको गोवाबाट धर्मयात्रा गरेर कैलाश जाने कुरा गर्न थाले । हनुमान मन्दिरमा अर्चना गर्ने भन्न थाले । भोट पाइन्छ भनेर धर्मका र जातिका नारामा फस्दै गए । भगतसिंह र अम्बेडकरलाई जोड्ने खालका अचम्मका शब्द प्रयोग गर्न थाले लिकर स्क्याम अर्थात् रक्सी काण्ड त देखिएको उत्कर्षमात्रै हो ।केजरीवालले आफूमाथि लागेको रक्सीकाण्ड छानबिन टुंगोमा पुर्याउन सकेका छैनन् । एक खरिदा तो एक फ्री । एउटा बोत्तल किन्दा अर्को बोत्तल नि:शुल्क । अनि कर कहाँबाट आउँछ ?

र, शहर चलाउने नारा र देश चलाउने नारा अलग हुन् भन्ने यथार्थबोध पनि उनले गरेको देखिएन । सिंगापुर पो सानो देश, एउटा तरिकाले चलाउन सकिन्छ । भारतजस्तो बहुसांस्कृतिक देशलाई त्यही तरिकाले चलाउन सकिन्छ ? केजरीवालले भारतमा त्यस्तै नक्कल गर्न खोजे । आफ्नो घरभित्रै नेता कुटिँदासमेत उनी बोल्न नपर्ने हालतमा पुगे । सक्कली केजरीवालकै यस्तो हालत छ । यिनको सिको गर्नेहरुको अवस्था के होला ! नेपालमा कांग्रेसको विकल्प एमाले, एमालेको विकल्प कांग्रेस । वा, यी दुवैको विकल्प माओवादी । अनि यी तीनवटै दल सारमा उस्तै भनेर अहिले नयाँ पार्टी पनि खुलेका छन् । कांग्रेसलाई भ्रष्ट हुन समय लाग्यो, एमालेलाई अलिक कम, माओवादीलाई झन् कम समय लाग्यो पनि भन्छन् ।

अहिले विकल्पको राजनीति भनेर आउनेहरुलाई लोकप्रियतावादको यही होडले समातेको छ ।त्यसैले वैकल्पिक भनिनेहरु कोही कागजमा सीमित रहे । बाबुराम भट्टराईलाई नै हेरौं । उहाँको राष्ट्रिय अपिल पनि थियो । पूर्वप्रधानमन्त्रीको पोर्टफोलियो, विद्रोहीको छवि थियो । तर दल बन्न यतिले पुग्थेन । नयाँ शक्ति पार्टी भनेर उहाँले ०७२ पछि थालनी गर्नुभयो । त्यो त्यस बेला लामो टिकेन । अहिले पनि पुनर्स्थापित हुन कोसिस होला । पार्टी बन्न केही लेउ लाग्दै जानुपर्छ । अर्थात् केही संगठित वैचारिक आधार पनि हुनैपर्छ । रवि लामिछानेलाई पक्रेर राज्यले १० ठाउँ घुमायो भन्दै रास्वपा नेताहरु भनिरहेका छन् । उनीहरुले सुशासनको नीति र आफ्ना नेताहरुको अवस्थाबारे सारमा बुझिने गरी वैचारिक अपिल गर्न सकेका छैनन् । केवल रविसँग कति नजिक भइन्छ भनेर दौडिने बाहेक त्यो पार्टीमा सुसंगठित विचार केही आयो त ?

केवल नजिक देखिने मात्रै प्रयास भयो । पोखराको पिपलको बाटोमा नेताहरुले हात हल्लाएको देखियो । नेतृत्वको संकट भनेको यही हो । रास्वपाका नेताहरुका सामु अहिले ठूलै चुनौती छ- रवि लामिछानेको व्यक्तिगत मामिलामा हामी बोल्छौं कि बोल्दैनौं ? पार्टी स्थापना हुनुभन्दा पहिलेको भ्रष्टाचार र छलीबारे हाम्रो संस्थागत धारणा के हुने ? रास्वपाका नेताहरु यस्ता ज्वलन्त मुद्दाबारे आधारभूत रुपमै भ्रमित भएको देखियो । यो खालको अलमलले कसरी पार्टी बन्छ ? चुनावमा यति मत पाएको मान्छेमाथि षड्यन्त्र भयो भनिँदैछ । चुनावले जिताएर पठाएकाहरु आम रुपमा कत्तिको परीक्षित थिए त ? उनीहरुको व्यक्तिगत निष्ठा र पारदर्शिताको प्रश्न के हो त ?

अझ पार्टीभित्र केही पदाधिकारी त कहिले स्वीकृत भए, कुन विधिबाट सभापति, महामन्त्री भए केही पत्तै भएन । संसद्को मतदान प्रणालीमा उनीहरुको ह्वीप प्रणाली के हो भन्ने नै थाहा थिएन । त्यस बेलाका महामन्त्री मुकुल ढकालले किन त्यस्तो प्रतिवेदन लेखे, पार्टी भन्ने संस्था स्थापित हुनका लागि यस्तो अनेकौं पक्षहरुले निर्धारण गर्दो रहेछ । उदाहरण अरु पनि दिन सकिन्छ । कांग्रेसमा गिरिजाप्रसाद कोइराला पहिले आफैं जिल्लाहरुमा जानुहुन्थ्यो । कार्यकर्ता र समर्थकहरुसँग संवाद गर्नुहुन्थ्यो । झट्ट हेर्दा नदेखिएला । यस्तो गर्ने नेताहरु थुप्रै छन् । कांग्रेस सामाजीकरणबाट बन्यो । यसमा धेरै मानिसहरु जोडिएका छन् । एमालेको पृष्ठभूमिमा स्थापित भएका नेताहरु टंक कार्की, घनश्याम भुसाल, कोमल भट्टराई, सुरेन्द्र-राजेन्द्र पाण्डे जो हेरे पनि जिल्ला-जिल्लामा सामान्य लुगामा मानिसहरुसँग कतै साइनो लगाउँदै, कतै अनौपचारिक संवाद गर्दै घुमिरहेको इतिहास भेटिन्छ ।

यस्ता अनेकौं मानिसहरुले संगठन गर्दै बनेको पार्टी हो एमाले । अहिले कुन नेता कतापट्टि हुनुहुन्छ, कोसँग प्रतिस्पर्धा वा सहकार्य गर्नुहुन्छ त्यो बेग्लै कुरा हो । उहाँहरु सँगै जेल बस्नुभएको छ । बाहिर आएर एक अर्काको बारेमा जे भने पनि यसैगरी उहाँहरुको आधारभूत राजनीतिक संस्कृति निर्माण भएको थियो । कांग्रेस फुट्ने बेलामा पनि अर्को समूहपट्टिका नेताहरुलाई भेट्दा जय नेपाल दाइ भन्ने चलन त बाँकी नै थियो । यो दुई वर्षमा ती पार्टीहरुलाई जोड्ने के फ्याक्टरहरु आए त ? त्यो खोज्दा भेटिँदैन ।

हामी विदेश गएका युवा फर्काउँछौं, कांग्रेस, एमाले, माओवादीहरुले सकेनन् भन्ने आधारमा दल बनाउन खोजियो, त्यसरी बन्ने अवस्था पनि रहेन । दिल्लीमा आपले चुनाव जितेपछि अन्यत्र फड्किन खोज्यो । यहाँ नेपालभरि नभए पनि केही क्षेत्रलाई आधार बनाएर काम देखाउन सक्थे रास्वपा लगायत नयाँ दलले । तर निश्चित क्षेत्रमा आधारित हुन खोजेको पनि देखिएन यहाँ । रविले किन मतदाता आकर्षित गरे ? आखिर उनी चितवनका रैथाने पनि होइनन् । चितवनमा धेरैजसो उनका समर्थक ती अधवैंशे वा प्रौढावस्थामा जाँदै गरेका महिला थिए । तिनले रविका भाषण सुन्दा आफ्ना सन्तान विदेशमा गएको सम्झे, रवि चाहिँ फर्केको देखे । छोरा देशमा आउँछ, बुढेसकालमा हामीलाई हेर्छ वा हामीलाई लान्छ । वा यहीं बसेर किरिया गर्छ भन्ने कल्पना गरे । रवि आएर यी सबैलाई नेपाल फर्काउँछु भन्छन् भने त्यसले मतदातालाई छुने नै भयो ।

बाटो बिजुली लगायत पूर्वाधार छेलोखेलो भएर मात्रै हुँदो रहेनछ । मतदाताको मनमा गुमाउने त्रास अर्थात् फियर अफ् लुजिङ पैदा हुन्छ, त्यो निकै खतरनाक हुँदो रहेछ । जब जापान, क्यानडा, अमेरिकामा सन्तान पठाएको परिवार नै त्यस्तो डरमा बसिदियो, तब रविलाई चुनावमा रातारात उदाउन कुनै योगदान नै आवश्यक परेन । काभ्रेका रविले चितवनमा मजाले चुनाव जितिदिए । अरुतिर जातभात खोज्दै भोट हाल्ने, थारु भएको ठाउँमा थारु दिनुपर्ने, नपाए बागी वा अर्को दलबाट उठ्ने मतदाता अनि कार्यकर्तालाई पनि रविको आगमनले फरक परेन । रवि तिनका लागि अचानक किन गाउँठाउँका रैथानेजस्ता भए ? आम आदमीको दिल्लीमा विरासत हेर्यो भने त्यसको नेपाली असर प्रष्ट भइहाल्छ । आप नेताले चुनावमा उम्मेदवार उठाउनु पहिले सुरुमा गाउँटोल छिरे । जितेर शक्तिपछि तिनको रुचि फेरियो । विधानसभामा अति सामान्य परिवारका प्रतिनिधिलाई उठाउने आम आदमीले लोकसभामा राज्यसभामा जाँदा क्षमता नभएका, अनुहार मात्रै राम्रो भएका राघव चड्डाजस्ता मानिस खोजी खोजी ल्याए ।

त्यतिबेलैदेखि मनोमालिन्य बिजारोपण हुन थालेको थियो । र, प्रश्न उठ्न थाल्यो- के कुनै पनि पार्टी सर्वसाधारणको असन्तोषलाई पुँजीकृत गरेका भरमा मात्रै बन्छ ? के सुकिला अनुहार देखाएका भरमा दल बनाउन सम्भव छ ? कि यसका लागि जनताले विश्वास गर्न सक्ने ठोस एजेन्डाहरु चाहिन्छन् ? केजरीवालको विगतको ढर्रा र नेपालमा आइरहेका नयाँ दलहरुको परामा केही फरक छैन । विकल्प चाहिन्छ, अझ लोकतन्त्रमा त त्यो स्वागतयोग्य कुरा हो । लोकतन्त्र भनेकै विकल्पै विकल्प भएको व्यवस्था हो । तर त्यो विकल्प हामी दिन्छौं भनेर कसैले पत्यारलाग्दो गरी भन्न सकेको देखिँदैन । केवल एक जना व्यक्तिमा अति निर्भर हुँदाको परिणाम यस्तै हुन्छ । यस्तो पाराले अन्तत: केजरीवालकै नियतिमा पुगिन्छ ।

अहिले ठूला दलहरु कांग्रेस, एमालेले समेत दलभित्र विकल्पहरु तयार पार्न सकेको देखिँदैन । ती दलमा आजीवन तीन-चार व्यक्ति बसिरहे जस्ता देखिन्छन् । पार्टीभित्र विकल्प खोज्ने र खुकुलो बनाउँदै जाने हुनुपर्छ । पार्टी सिस्टम जोगाउन पार्टीकै पारामा आउनुपर्छ । एमाले र कांग्रेस सान्दर्भिक भइरहन चाहन्छन् भने उनीहरुले वैकल्पिक छनोटलाई प्रोत्साहित हुनुपर्छ । दलहरुले अवसरको ढोका खोल्नुपर्छ । जहाँसम्म नयाँ दलहरुको कुरा छ । देशमा नयाँहरु आउलान् भन्ने चिन्ता होइन, तिनको अर्कमण्यताले थप असन्तोष मात्रै पैदा गर्ने हो कि भन्ने चिन्ता छ । त्यसैले पार्टीहरु अनुहारमा होइन, एजेन्डामा आधारित हुनुपर्छ । एक व्यक्तिमा अति केन्द्रित भएर काम गर्दा कुनै पनि बेला ठक्कर खाइन्छ ।

(साभार: अनलाइनखबर)

# केयुकेएलले बिछ्याएको पाइप विद्युत प्राधिकरणले फुटाउँदा मध्य शहरमा भलबाढी

काठमाडौं/सरकारी निकायहरूले विना समन्वय र लापरबाहीपूर्ण काम गर्दा विकासका नाममा कसरी विनास निम्तँदो रहेछ भन्ने बुधवार सिंहदरबारको ठ्याक्कै अगाडि बबरमहलमा देखियो । मेलम्ची खानेपानी आयोजनाको ३० लाख लिटर पानी पाइप अर्को सरकारी निकाय नेपाल विद्युत् प्राधिकरणले लापरबाहीपूर्ण ढंगले फुटाइदिएपछि बबरमहलको सडक, सरकारी कार्यालय र निजी घरहरू जलमग्न हुनपुगे ।



त्यो पनि काठमाडौंको निकै व्यस्तमध्येको तीनकुने माइतीघर १० लेनको सडकमुनिको पाइप विद्युत प्राधिकरणले फुटाइदिएको हो । प्राधिकरणले बिजुलीको तार भूमिगत गर्ने परियोजनाअन्तर्गत बबरमहलको चिल्लो सडक खनेको थियो, तर त्यहाँ त्यसरी काम गर्दैछौं भनेर उसले सडक विभाग, काठमाडौं उपत्यका खानेपानी लिमिटेड, काठमाडौं महानगरपालिका कसैसँग पनि समन्वय गरेको थिएन ।

खानेपानीको पाइप फुटेर बबरमहलको सडक र बस्ती डुबेपछि केयूकेएलका सीईओ अशोक पौडेललाई साथै लिएर खानेपानीमन्त्री प्रदीप यादव घटनास्थल पुगेका थिए । विद्युत् प्राधिकरणको गल्तीका कारण मेलम्ची खानेपानी आयोजनाको पाइप फुटेर विनास मच्चाएको उनले बताए । 'विद्युत् प्राधिकरणले न मन्त्रालयसँग सोध्यो, न केयूकेएलसँग समन्वय गऱ्यो । त्यसकै कारणले यस्तो घटना घटेको हो,' मन्त्री यादवले भने ।

कुनकुन ठाउँमा पाइप बिछ्याएको छ भनेर जीआईएस दिएकोमा त्यसलाई पनि बेवास्ता गरी प्राधिकरणले खाडल खनेर पाइप फुटाएको केयूकेएलका एक इन्जिनियरले बताए । बुधबार दिउँसो करिब साढे २ बजे पाइप फुटेपछि वन परिसर, विशेष अदालत लगायत सरकारी कार्यालयमा भुइँ तलामा काम गरिरहेका कर्मचारी, क्यान्टिनमा खाजा खाइरहेका कर्मचारीको भागाभाग भएको थियो ।

मध्यहिउँदमा गत असोजको दोस्रो साता आएको बाढी बिर्साउने गरी पानी पस्दा मानिसहरू आत्तिएका थिए । मेलम्ची खानेपानी आयोजनाको सुन्दरीजलस्थित पानी प्रशोधन केन्द्रबाट वितरण शाखाको ट्यांकीमा आपूर्ति हुने २० इन्चको पाइप 'ब्लास्ट' भएपछि बुधबार दिउँसो त्यसरी भलबाढी बबरमहलका घर, कार्यालयमा छिरेको थियो ।

मेलम्चीको पानी पनि केयूकेएल मार्फत आपूर्ति हुँदै आएको छ । केयूकेएलको आयोजना कार्यान्वयन निर्देशनालय (पीआईडी) बाट ओच्छ्याइएको पाइपलाइन नेपाल विद्युत् प्राधिकरणको ठेकेदार कम्पनी केईआईले क्षति पुऱ्याएको थियो । वन परिसर अगाडि सडकमा विद्युत् लाइन भूमिगत गर्न पाइलट ड्रिलिङ पश्चात 'रिमिङ' गर्दा असावधानीवश मेलम्चीको उक्त पाइपलाइनमा क्षति पुगेको निर्माण कम्पनी केईआईका सुपरभाइजर अविनाश कुमारले स्वीकार गरेको केयूकेएलको दाबी छ ।

**प्राधिकरणको ठेकेदारले समन्वय नगर्दा पाइप 'ब्लास्ट'**

बबरमहल सडकमा पाइप फुट्नुको मुख्य कारण विद्युत् प्राधिकरणले समन्वय नगर्नु नै देखिएको केयुकेएलका एक इन्जिनियरले बताए । 'विद्युत प्राधिकरणले एक त ठेक्का दिने ठेकेदारलाई जिम्मेवार बनाएन, त्यसमाथि हामीले जीआईएस म्याप पनि दिएका थियौं । त्यो ख्याल गरिएन, तार भूमिगत गर्दा हामीलाई खबर गरेको भए पनि हुने थियो । समन्वय नगर्दा यो समस्या आएको हो,' उनले संचारकर्मीसँग भने ।

समन्वयको अभावमा यस्ता घटना पटकपटक हुने गरेको उनको भनाइ छ । 'अहिले अलि ठूलो घटना भएर बाहिर आयो । तर, समन्वय नगरी काम गर्दा सधैंजसो समस्या आइरहेको छ, विद्युत् प्राधिकरणले मात्रै होइन, उपत्यकामा सडक विभाग, उपत्यका विकास प्राधिकरण लगायतले काम गर्दा पनि समन्वय हुँदैन,' उनले भने । सडक विभागले महानगरसँग मिलेर काम गर्न भन्यो, प्राधिकरण एक्लै गएर पाइप फुटायो

डिभिजन सडक कार्यालय काठमाडौंले तार भूमिगत गर्ने कामको सहमति दिँदा काठमाडौं महानगरपालिकासँग संयुक्त रूपमा गर्न भनेर प्राधिकरणलाई सहमति दिएको थियो । तर, विद्युत् प्राधिकरणले महानगरसँग पनि समन्वय नगरी एकल रुपमा फुटपाथ खनी पाइप फुटाइदिएको खुलेको छ । प्राधिकरणलाई सहमति दिँदा महानगरपालिकाले बनाइरहेको फुटपाथ र प्राधिकरणले गरिरहेको तार भूमिगत एकैचोटी गरुन् भनेर सहमति दिएका थियौं,' डिभिजन सडक काठमाडौंका प्रमुख नारायणदत्त भण्डारी भन्छन् । भण्डारीले सहमति अनुसार समन्वयमा काम गरेको भन्ने अपेक्षा सडकले गरेको बताए ।

पाइप फुट्दा २० मिटर जति कालोपत्र सडकमा ३ मिटर गहिरो खाल्डो परी क्षति भएको उनले बताए । 'यस बाहेक अन्य नदेखिने क्षति पनि भएको हुन सक्छ, जुन हामी अध्ययन गरेर मात्रै भन्न सक्छौं,' उनले भने ।

**प्राधिकरण भन्छ- छानबिन गर्छौं**

विद्युत् प्राधिकरणले तार भूमिगत गर्दा पाइप फुट्नुमा आफ्नो ठेकेदारको दोष भएको विषय बाहिरि एपछि छानबिन गर्ने जनाएको छ । प्राधिकरणका आयोजना व्यवस्थापन निर्देशनालय प्रमुख तारा प्रधानले ड्रिल गर्दा मेटल डिटेक्टरले थाहा पाउनुपर्नेमा किन थाहा नपाएको भन्ने विषय छानबिन गरेर बताउने जानकरी दिए । 'डिटेक्टरले थाहा पाएपछि ड्रिल गर्न रुट बदल्नपर्ने हो, किन बदलेन ? हामीले पनि ठेकेदारको कमजोरी भएको भन्ने थाहा पायौं । प्राधिकरणले छानबिन गरेर निर्णय गर्छ,' प्रधानले भने ।

**४ घण्टामा बल्ल रोकियो पानी**

अन्तरसरकारी कार्यालय समन्वय नहुँदा ब्लास्ट भएको पाइपबाट पानी नियन्त्रण गर्न ४ घण्टा लागेको थियो । पाइप दिउँसो साढे २ बजे फुटेको पाइपमा आउने पानीको मुख्य ट्यांकी बन्द गरेपछि साढे ६ बजेपछि मात्रै बन्द भएको थियो । केयुकेएलले पानी समयमै रोक्न नसक्दा ४ घण्टासम्म महानगरबाट गएको मर्मत टोली कुरेर बसेको थियो ।

'पाइप फुटेपछि पानी समयमै राकिएको भए, आजै हाम्रो टोलीले सडक सफा गरेर क्लियर गर्थ्यो तर पानी नरोकिएपछि कुरेर बस्नुपऱ्यो,' काठमाडौं महानगर प्रहरीका निमित्त नगर प्रहरी प्रमुख विष्णु जोशीले भने । केयूकेएलका इन्जिनियर प्रकाश बरालका अनुसार क्षति पुगेको पाइप बल्क डिस्ट्रिब्युसन सिस्टम (बीडीएस) को पाइप हो । बीडीएसको पाइप सिधै सुन्दरीजलबाट प्रशोधन भएर शाखा कार्यालयको ट्यांकीसँग इन्टरलिंक हुन्छ ।

बबरमहलमा ब्लास्ट भएको बीडीएस पाइपमा बानेश्वर, प्रसूति गृह, बिजुली बजार र कोटेश्वर लगायतका १० भन्दा बढी ट्यांकीसँग इन्टरलिंक छ । 'सोहीकारण बीडीएस पाइपको पानी सक्न ४ घण्टा लाग्यो,' बरालले भने, ' करिब ३० लाख लिटर पानी बबरमहलबाट खेर गयो ।' उनका अनुसार मर्मत नभएसम्म मीनभवनको ट्यांकीमा पानी आपूर्ति रोकिने छ । 'हामी भोलि बिहानसम्म मर्मत गरिसक्छौं भन्ने छ । रातभरि काम गर्छौं,' उनले भने ।

**महानगरको तत्परता, अन्य निकाय मुकदर्शक**

पाइप ब्लास्ट भएको ५ मिनेटमै काठमाडौं महानगर टोली घटनास्थलमा पुगेको थियो । तर, अन्य निकायका टोली भने आधा घण्टासम्म आइपुगेका थिएनन् । महानगरका निमित्त नगर प्रहरी प्रमुख विष्णुप्रसाद जोशीको नेतृत्वमा १ सयभन्दा बढी नगर प्रहरी, ३ वटा डोजर, ५ वटा पानी तान्ने पम्प र उद्धार टोली आएको थियो ।

महानगरका भौतिक पूर्वाधार सल्लाहकार सुनिल लम्साल सहित कर्मचारी ब्लास्ट भएको स्थलमा १५ मिनेटमा आइपुगेका थिए । यस्तै नेपाल प्रहरीको टोली आइसकेपछि पनि केयूकेएलका कर्मचारी, सडक विभागका कर्मचारी नआएपछि पानीले असर गर्ने ठाउँमा सुरक्षाको काम मात्रै गर्न पाए पनि अन्य काम गर्न सकेका थिएनन् ।

'हामीले मान्छेलाई सुरक्षित राख्ने, उद्धार गर्ने काम मात्रै गऱ्यौं तर केयूकेएल, विद्युत् प्राधिकरण र सडक विभागबाट टोली नआउँदा पानी खेर गएको कुरेर मात्रै बस्नुपऱ्यो, जसले गर्दा मर्मतको काम गर्न पाएनौं,' एक नगर प्रहरी भन्छन् । महानगरले तत्परता देखाउँदा अन्य निकायको ढिला उपस्थितिले स्थिति झन बिग्रिएको उनको भनाइ छ । 'सायद, समयमै सबै कार्यालयबाट सक्रियता भएको भए, यति पानी खेर जाँदैन थियो, सडक धेरै भत्किन्थेन, चाँडै मर्मत हुन्थ्यो तर महानगरको टोलीले अरू सरकारी निकायलाई कुरेर बस्नुपऱ्यो,' मेयर बालेन साहका भौतिक पूर्वाधार सल्लाहकार सुनिल लम्साल भन्छन् ।

*(स्रोत: अनलाइनखबर)*

# निर्माता बन्दै गायक रामकृष्ण ढकाल, घोषणा गरे 'मालती मङ्गले'




काठमाडौं/गायक रामकृष्ण ढकाल अब फिल्मको निर्माता बन्ने भएका छन् । उनले फिल्म 'मालती मङ्गले' निर्माण गर्न लागेका हुन् । बुधबार सामाजिक सञ्जालमार्फत् फिल्मको शीर्षक सार्वजनिक गर्दै उनले नयाँ यात्रा सुरु गर्न लागेको जानकारी गराए । फिल्मको निर्माण रानी म्यूजिक इन्टरनेशनलबाट हुनेछ । यो कम्पनी गायक ढकालले आफ्नी छोरी रानीको नामबाट खोलेका हुन् ।

रामकृष्णको फिल्मसँग पुरानो सम्बन्ध छ । उनले २०५८ साल (सन् २००१)मा निर्माण भएको फिल्म 'आशीर्वाद'मा अभिनय गरेका थिए । यो उनको साङ्गीतिक यात्रासँग विशेष रूपमा जोडिएको फिल्म थियो । यसपछि भने उनले फिल्ममा अभिनय गरेका छैनन् । 'मालती मङ्गले'मा उनको अभिनय रहने वा नरहने भन्ने विषयमा जानकारी गराइएको छैन ।

फिल्मको घोषणा गर्दै गायक ढकालले भनेका छन्, 'समय कति छिटो बित्दो रहेछ ! आज त्यो क्षणलाई सम्झँदा २३ वर्ष बितिसकेको रहेछ । अब फेरि पनि फिल्मसँगको अर्को यात्रामा अघि बढ्ने अवसर मिलेको छ । तर, यसपटक भूमिकामा परिवर्तन आएको छ । अब म निर्माताको रूपमा तपाईंहरूसामु आउँदैछु । यो फिल्मले मेरा सपनाहरूको एउटा ठूलो हिस्साको प्रतिनिधित्व गर्छ ।'

फिल्मको निर्देशन प्रकु पाण्डे (प्रकाश)ले गर्नेछन् । कथा पनि उनी स्वयंको हो । कार्यकारी निर्मातामा सागर ज्ञवाली रहेका छन् । फिल्मका लागि कलाकार छनोट हुन बाँकी रहेको निर्माता ढकालले बताए ।

# '११:५५' पोस्टरमा यस्ता देखिए सृष्टिदेखि करिष्मासम्म

काठमाडौं/आगामी चैत ८ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म '११:५५' (डु नट ट्रस्ट एनिवान)का पाँच मुख्य कलाकारको क्यारेक्टर पोस्टर सार्वजनिक गरिएको छ । पाँचवटा पोस्टरमा सृष्टि श्रेष्ठ, महेश त्रिपाठी, करिष्मा श्रेष्ठ, एमएस अग्रज र सागर खनाल चित्रित छन् । उनीहरुको दुई फरक अवस्थालाई चित्रण गरिएको पोस्टरले पाँचजना पात्र कुनै ठूलो समस्यासँग जुधिरहेको संकेत गर्छ ।




क्राइम-थ्रिलर जनरामा निर्माण भएको फिल्मको लेखन तथा निर्देशन केशव पाण्डेले गरेका हुन् । यसमा निर्देशक पाण्डेसँगै एमएस अग्रज र शेखर ज्ञवालीको लेखन छ । बिचित्र फिल्मस् र गुड जब आर्ट्सको संयुक्त ब्यानरमा निर्माण भएको फिल्ममा श्याम शर्मा र सरोजा शर्माको लगानी रहेको छ । रातिको ११:५५ बजे घटेको घटनामा फिल्म आधारित रहेको जनाइएको छ ।

अल्मोडा राना उप्रेतीको संगीत, कविराज गहतराजको कोरियोग्राफी, देव महर्जनको द्वन्द्व निर्देशन, शैलेश श्रेष्ठको साउण्ड डिजाइन तथा मिक्सिङ, राजेन्द्र मोक्तानको कलर, प्रद्युमन मिश्रको डिओपी, रामशरण उप्रेतीको सिनेमेटोग्राफी तथा पासाङ दावा शेर्पाको सम्पादन रहेको फिल्ममा बुद्धि तामाङ र विशाल पहारीको पनि अभिनय छ । फिल्मको कार्यकारी निर्मातामा एमएस अग्रज छन् ।

# शंखरापुर बस दुर्घटना : शोकमा डुब्यो सत्य साई एकेडेमी



काठमाडौं/ काठमाडौंको शंखरापुर नगरपालिका-५ मा चाबहिलको मैजुबहालस्थित सत्य साई एकेडेमीले आफ्ना विद्यार्थीलाई वनभोज लगेको थियो । कात्तिकेमा रमाइलो गरेर फर्किएका विद्यार्थी सवार बस बीचबाटोमै दुर्घटनामा पऱ्यो । यो समाचार तयार पार्दासम्म तीन जनाको मृत्यु भएको छ । ४० जना घाइते छन् । प्रहरी प्रभाग साँखुका अनुसार विभिन्न अस्पतालमा घाइतेको उपचार भइरहेको छ ।

दुर्घटनापछि सिंगो विद्यालय परिवार नै शोकमा डुबेको छ । संचारकर्मीसँग संक्षिप्त कुराकानीमा जोडिएका प्रिन्सिपल मरिचमान लिम्बु बोल्न सक्ने अवस्थामा थिएनन् । 'केही बोल्न सक्ने अवस्था छैन । नसोचेको घटना भयो,' उनले भावुक हुँदै सुनाए ।

अभिभावकहरूले प्रिन्सिपल लिम्बुलाई फोन गरेर आफ्नो बालबालिकाको स्थितिबारे जानकारी लिइरहेका छन् । शंखरापुर नगरपालिकाका प्रमुख र मेश नापितका अनुसार पिकनिक आएको बस दुर्घटनामा परेको हो । 'पिकनिक आएको रहेछ । पिक्निक सकिएर फर्किने क्रममा दुर्घटना भएको हो,' उनले भने । प्रहरीका अनुसार दुर्घटनाको कारण खुलेको छैन । सो क्षेत्रको बाटो पनि साँघुरो छ । प्रहरीले चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

दुर्घटनामा ज्यान गुमाउने तीन जना विद्यार्थीको सनाखत भएको छ । मृत्यु हुनेमा मोरङको उर्लाबारी नगरपालिका-७ स्थायी घर भई काठमाडौंको कपन बस्ने ११ वर्षीय क्रिशल पुरी, सिन्धुपाल्चोकको बलेफी गाउँपालिका-७ घर भई चाबहिल बस्ने २४ वर्षीय सुरेश तामाङ र सिन्धुपाल्चोक घर भइ हाल काठमाडौंको भिमसेनगोला बस्ने १४ वर्षीया शुशांका डोटेल रहेका छन् ।

क्रिशलको त्रिवि शिक्षण अस्पतल-महाराजगञ्ज, सुरेशको नेपाल मेडिकल कलेज र शुशांकाको शंखरापुर अस्पतालमा मृत घोषणा गरिएको प्रहरीले जनाएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# स्रोत जुटाउन सरकारलाई हम्मे, विनियोजित बजेट खर्च गर्न रोक

काठमाडौं/स्रोतको चरम दबाबमा रहेको सरकारले विभिन्न शीर्षकमा विनियोजित बजेट समेत खर्च गर्न रोक लगाएको छ । सबै मन्त्रालय, आयोग र कार्यालयलाई पत्र लेख्दै अर्थ मन्त्रालयले चालु र पूँजीगत दुवैमा विनियोजित बजेटमध्ये विभिन्न पाँच शीर्षकको बजेट रोक्का गर्न भनेको हो ।

अर्थ मन्त्रालयले चालु खर्चतर्फ अनिवार्य दायित्व बाहेक नेपाल सरकारको स्रोततर्फको र कममध्ये हालसम्म खर्च भई बाँकीको २५ प्रतिशत रकम रोक्का राख्ने निर्णय गरेको हो । यसरी बजेट रोक्का राखिएका शीर्षकमा कर्मचारी तालिम खर्च (तालिम केन्द्र र प्रतिष्ठानबाट सञ्चालन हुनेबाहेक मात्र), कार्यक्रम खर्च, मेसिनरी तथा औजार, फर्निचर तथा फिक्स्चर र पूँजीगत परामर्श छन् ।

अर्थले गत आर्थिक वर्ष पश्चिम नेपालमा गएको भूकम्प तथा चालु आव मनसुनजन्य विपद्का कारण आकस्मिक रूपमा सिर्जना भएको थप दायित्वले सञ्चित कोषमा अत्यधिक दबाब परेको जनाएको छ । 'मुलुकको विद्यमान शिथिल आर्थिक गतिविधि, गत आर्थिक वर्षदेखि नै ऋणात्मक रहेको संघीय सञ्चित कोषको अवस्था लगायत कारण चालु आर्थिक वर्ष प्रथम ६ महिनासम्म पनि संघीय सञ्चित कोष ऋणात्मक रहेको छ,' अर्थले भनेको छ ।

सोहीकारण सरकारले बजेटको अर्धवार्षिक समीक्षामै यस्तो खर्च कटौती गर्ने घोषणा गरेको थियो । सोही घोषणा कार्यान्वयन गर्न बजेट रोक्का राख्ने निर्णय गरिएको अर्थले जनाएको छ । चालु आव बाँकी अवधिमा राजस्व प्राप्तिमा हुने सुधार र खर्चको आवश्यकताका आधारमा बजेट रोक्का र नियन्त्रणमा भने पुनरावलोकन हुने अर्थले ती निकायलाई लेखेको पत्रमा उल्लेख छ ।

अर्थमन्त्री विष्णुप्रसाद पौडेलले २७ माघमा खर्च कटौती तथा रोक्का गर्ने निर्णय गरेका थिए । सोही अनुसार अर्थ सचिवबाट सबै मन्त्रालय तथा निकायमा पत्राचार गरिएको हो ।

**किन स्रोतको दबाबमा छ सरकार ?**

अर्थ मन्त्रालयका अनुसार विगत आर्थिक वर्षमा सिर्जित दायित्व समेत यस वर्ष फरफारक गर्नुपर्ने भएका कारण सञ्चित कोषमा दबाब सिर्जना भएको हो । यसैगरी राजस्व संकलनमा आएको संकुचनले सरकार दबाबमा देखिएको छ । अपेक्षित रूपमा अन्तर्राष्ट्रिय सहायता प्राप्त हुन नसकेको समेत सरकारले स्वीकार गरेको छ ।

यसैगरी नेपाली मुद्रा अमेरिकी डलरसँग कमजोर हुँदा समेत चालु एवं वैदेशिक ऋणको साँवाब्याज भुक्तानी गर्न विनियोजित बजेट अपर्याप्त देखिएको अर्थले उल्लेख गरेको छ । सार्वजनिक खर्च पुन: प्राथमिकीकरण गरी राष्ट्रिय गौरवका आयोजना तथा रोजगारी सिर्जना र पूँजी निर्माणमा महत्त्वपूर्ण योगदान गर्ने आयोजना र कार्यक्रममा स्रोत व्यवस्थापन गर्न यो कदम चाल्नुपरेको अर्थको तर्क छ । सोहीकारण चालु आव बजेटमा समावेश कतिपय शीर्षकको खर्च कटौती गर्नुपर्ने अवस्था आएको अर्थको भनाइ छ ।

अर्थले अघिल्लो साता सार्वजनिक गरेको बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदनमा खर्चको मापदण्ड बनाइ चालु खर्चमा मितव्ययिता कायम गर्ने उल्लेख छ । सबै सरकारी कार्यालय, नियामक निकाय र सार्वजनिक संस्थानमा नयाँ संगठन संरचना र दरबन्दी सिर्जना नगर्ने समेत प्रतिवेदनमा उल्लेख छ ।

अनिवार्य सहभागी हुनुपर्ने वा नेपाल सदस्य भएको संस्थाको वार्षिक बैठकमा सहभागी भई मतदान गर्नुपर्ने कार्यक्रम बाहेक वैदेशिक भ्रमण स्वीकृत नदिने समेत उल्लेख छ । विनियोजनका बेला अनुमान गर्न नसकिएका आकस्मिक दायित्व र अतिआवश्यक अवस्थामा बाहेक चालु खर्चका लागि थप निकासा नगर्ने समेत प्रतिवेदनमा उल्लेख छ ।


स्रोतमा परेको चाप दृष्टिगत गरी अनिवार्य दायित्व बाहेक चालु खर्चतर्फ विनियोजित नेपाल सरकारको स्रोततर्फको रकममध्ये हालसम्म खर्च भई बाँकी रहेको रकमको २५ प्रतिशत रोक्का राख्ने समेत सोही प्रतिवेदनमा उल्लेख छ ।

**कस्तो छ सरकारको आम्दानी र खर्च अवस्था ?**

महालेखा नियन्त्रक कार्यालयको मंगलबारसम्मको तथ्यांक अनुसार सरकारले ६ खर्ब ५४ अर्ब ५२ करोड रुपैयाँ आम्दानी गर्दा ७ खर्ब ४९ अर्ब ६० करोड खर्च गरेको छ । अर्थात्, सरकारको हिसाबकिताब ९५ अर्ब रुपैयाँले घाटामा छ । त्यो परिपूर्तिका लागि सरकारले ऋणको भर पर्नुपरेको छ । यसबीच ६ खर्ब ३७ अर्ब राजस्व उठेको छ । जुन लक्ष्यको ४४.९३ प्रतिशतमात्र हो । मंगलबारसम्म चालु खर्च ५ खर्ब १८ अर्ब रुपैयाँ छ । वित्तीय व्यवस्थामा १ खर्ब ६३ अर्ब रुपैयाँ खर्च भएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'परालको आगो'मा भित्रिए जितु






काठमाडौं/गुरुप्रसाद मैनालीको चर्चित कथासंग्रह 'नासो'मा संग्रहित 'परालको आगो' कथामा आधारित भएर निर्माण हुन लागेको फिल्ममा अभिनेता जितु नेपाल अनुबन्धित भएका छन् ।

फिल्म निर्माण कम्पनी हरिओम सिने मेकर्सको तर्फबाट निर्माता सुशील पोखरेलले जितुसँग मंगलबार लिखित सम्झौता गरेका हुन् । प्राप्त जानकारी अनुसार फिल्ममा जितुले जुठे दमाईको भूमिका निभाउनेछन् ।

यसअघि फिल्ममा अभिनेत्री सुहाना थापा गौंथलीको भूमिकामा अनुबन्ध भइसकेकी छन् । उनको जोडी अभिनेता खगेन्द्र लामिछानेसँग बाँधिने लगभग निश्चित छ । खगेन्द्रसँग निर्माताको लिखित सम्झौता मात्र हुन बाँकी छ । उनी फिल्ममा जोडिएको अवस्थामा चामेको भूमिका निभाउनेछन् । 'परालको आगो' श्रीमान्-श्रीमती चामे र गौंथलीको कथा हो ।

लक्ष्मण सुनारको निर्देशनमा बन्न लागेको फिल्ममा संकल्प भुजेलको छायांकन, रामजी लामिछानेको कोरियोग्राफी तथा सत्यराज आचार्य र स्वरुपराज आचार्यको संगीत हुनेछ । फिल्मका निर्माण नियन्त्रण नगेन्द्र घिमिरे हुन् । आगामी जेठबाट छायांकनको तयारी गरिएको फिल्मको प्रदर्शन दशैं छेकोमा हुने जनाइएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# ठूलोगंगटेमा श्रीमद्भागवत सप्ताहज्ञान महायज्ञ सुरु



साझाकुरा संवाददाता

हेटौंडा, ३० माघ/ मकवानपुरको हेटौंडा उपमहानगर पालिका-१७, ठूलोगंगटेमा श्रीमद्भागवत सप्ताहज्ञान महायज्ञ सुरु भएको छ । अंगारेश्वर धार्मिक तथा पर्यटनस्थलमा बुधबारबाट श्रीमद्भागवत सप्ताहज्ञान महायज्ञ सुरु भएको हो ।

अंगारेश्वर धार्मिक तथा पर्यटनस्थल, अंगारेश्वर खानेपानी तथा सरसफाई उपभोक्ता समिति, अंगारेश्वर टोल विकास संस्था र अंगारेश्वर दूग्ध उत्पादक सहकारी संस्था लि.ले संयुक्तरुपमा महायज्ञको आयोजना गरेको हो । महायज्ञको उद्घाटन कार्यक्रम बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी (छिन्तु) को प्रमुखआतिथ्यता एवम् पशुपतिनाथ वेदाङ्ग विद्यापीठका प्राचार्य (क्याम्पसप्रमुख) प्रा.डा. विष्णुप्रसाद तिम्सिनाको विशेष आतिथ्यतामा भएको हो ।

यसअघि महायज्ञको उद्घाटन कार्यक्रम मकवानपुर क्षेत्र नम्वर १ बाट निर्वाचित सांसद् दीपकबहादुर सिंहको प्रमुख आतिथ्यता हुने भनिएको थियो । तर, कारणवंश सांसद् सिंह उपस्थित हुन सम्भावना नरहेको जानकारी आएपछि प्रदेश सांसद् पुलामीको प्रमुख आतिथ्यतामा महायज्ञ उद्घाटन गरिएको मूलआयोजक समितिका संयोजक कृष्णदेव भण्डारीले जानकारी दिए ।

उद्घाटन कार्यक्रममा प्रमुखअतिथि पुलामीले ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाको पहिचान गर्न आयोजित महायज्ञको सफलताको शुभकामना दिए । उनले धार्मिक पर्यटनको संरक्षण र विकासमा काम गरिने बताए । धर्मसंस्कृतिले मानिसलाई नैतिक आचरणमा बस्न, आपसी सद्भाव र भाइचाराको सम्बन्ध बढाउन ठूलो सहयोग पुऱ्याइरहेको सांसद् पुलामीको भनाई छ । उनले सबै धर्म, संस्कृति, मूल्यमान्यताको सम्मान गर्दै मिलेर अघि बढ्न आमनेपाली नागरिकलाई आग्रह गरे ।

महायज्ञको उद्घाटन अघि अंगारेश्वर मन्दिर परिसरमा कलशयात्रा गरिएको थियो । महायज्ञ आगामी फागुन ७ गतेसम्म संचालन हुने आयोजकले जनाएको छ । नियमित सत्संग, आध्यात्मिक प्रवचनको आरम्भ गरी सनातन धर्म, संस्कार संस्कृतिको जगेर्ना गर्ने उद्देश्यले महायज्ञको आयोजना गरेको समितिका संयोजक भण्डारीले बताए । महायज्ञमा पण्डित बद्रीविशाल शास्त्री र पण्डित दिनेश काफ्ले शास्त्रीले कथावाचन गर्नेछन् ।

महायज्ञबाट संकलन भएको रकमबाट मन्दिर परिसरभित्र १० फिट अग्लो आधारस्तम्भमा १० फिट अग्लो महादेवको ध्यानावस्थाको मूर्ति स्थापना गर्ने, मन्दिर परिसरमा भएको सभाहललाई स्थरोन्नति गर्ने, मन्दिरको जग्गामा घेराबारा (पर्खाल) निर्माण गर्ने लक्ष्य रहेको आयोजकले जनाएको छ । महायज्ञ सम्पन्न गर्न विभिन्न उपसमिति गठन गरिएको छ ।

सहसंयोजक तथा प्रसाद व्यवस्थापनमा मीनप्रसाद दाहाल, अर्थ समितिमा धर्मराज अर्याल, प्रचार समितिमा चुडामणि रुपाखेती, पूजा समितिमा केशव भुजेल, अतिथि सत्कार तथा सम्मान समितिमा: माया राना, सरसफाइ समितिमा ॐप्रसाद अधिकारी र खरिद समितिमा शमशेर पुडासैनीलाई संयोजक तोकिएको छ । महायज्ञमा करिब २ हजार भक्तजनको उपस्थिति रहने छ ।

# प्रधानमन्त्री कप क्रिकेट छनोट

साझाकुरा संवाददाता

हेटौंडा, ३० माघ/ प्रधानमन्त्री कप क्रिकेट छनोट प्रतियोगितामा मकवानपुर ११ का क्रिकेट खेलाडी मिथिलेश गुप्ताले शतकप्रहार गरेका छन् । बुधबार भएको मकवानपुरगढी क्रिकेट टिमविरुद्धको खेलमा गुप्ताले ६० बलको सामना गर्दै १४ चौका र १ छक्का प्रहार गर्दै नट आउट १०२ रन बनाए ।

हेटौंडाको हुप्राचौरमा जारी प्रतियोगितामा शतकप्रहार गर्ने गुप्ता पहिलो खेलाडी हुन् । गुप्ताको शतकप्रहासँगै मकवानपुर ११ ले २५ ओभरमा ६ विकेटको नोक्सानीमा २४४ रनको विशाल योगफल तयार पारेको थियो । मकवानपुर ११ का लागि अनुराग बर्तौलाले २९ रन, आयुष गुप्ताले २६ रन बनाए । २४५ रनको लक्ष्य पछ्याएको मकवानपुर गढी क्रिकेट टिम २५ ओभरमा अल आउट हुँदै १३६ रनमै सीमित बन्यो । गढीको लागि विनम्र अधिकारीले २६ रन, रतेश अधिकारीले २३ रन बाहेक अरु खेलाडीले खासै रन बटुल्न सकेनन् ।

मकवानपुर ११ बाट र बिनकुमार शर्मा, श्रवण गौतम र ओमप्रकाश रामले समान २ विकेट हातपार्न सफल भए । प्रतियोगितामा पहिलो सतकप्रहार गरेका मिथिलेश खेलको म्यान अफ द म्याच घोषित भए । बुधबार भएको दोस्रो खेलमा न्यू मर्निङ युथ क्लव विजयी भएको छ । कमाने क्रिकेट क्लवलाई डिएलए विधिबाट पराजित गर्दै न्यू मर्निङ युथ क्लवले दोस्रो खेलमा विजयी हासिल गरेको हो । पहिलो खेलमा न्यू मर्निङ युथ क्लव ओमनगर क्रिकेट क्लबसँग पराजित भएको थियो ।

प्रतियोगिताको विजेता र उपविजेता टिमले शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने सर्वोकृष्ट खेलाडी, सर्वोकृष्ट व्याट्सम्यान, सर्वोकृष्ट बलरलाई ट्रफी, मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ ।

# भीमफेदीमा जरा केन्द्रित अभियान



साझाकुरा संवाददाता

हेटौंडा, ३० माघ/ मकवानपुरको भीमफेदी गाउँपालिकामा नेकपा (एमाले) को जरा केन्द्रित अभियान सञ्चालन भइरहेको छ । एमाले भीमफेदीका उपसचिव आशिष अस्लामीका अनुसार अहिले भीमफेदीमा धमाधम टोलभेला आयोजना भइरहेको छ । भेलामार्फत् एमालेले 'सुखी नेपानी, समृद्ध नेपाल'को आकंक्षा पूरा गर्नका लागि ८४ सालमा एमाले नेतृत्वको आवश्यक्ता जनतालाई बताइरहेको छ ।

एमाले भीमफेदीले पालिका कमिटीको बैठक राखेर तीन महिने जरा केन्द्रित अभियानको कार्ययोजना बनाई वडा कमिटीको बैठक राख्ने, टोलभेला राख्ने र टोल कमिटीमा एकतिहाई युवा समेटेर कमिटी गठन, पुन:गठन गर्ने, सामाजिक सञ्जालमा पार्टीले गरेका कामको प्रचार गर्ने, जनताका घरआँगनमा पुगेर गुनासा तथा सुझाव सुन्ने, पार्टी छाडेर अन्यत्र लागेकालाई घरफर्क अभियानलगायत कार्य भइरहेको बताइएको छ ।

# देवकी माविका विद्यार्थीलाई सहयोग



साझाकुरा संवाददाता

हेटौंडा, ३० माघ/ काठमाडौंको रानिबारीमा लामो समयदेखि पर्यटन ब्यवसाय संचालन गर्दै आएको म्यारोन ट्रेक्स प्रालिले मकवानपुरको बागमती गाउँपालिकामा शैक्षिक सामग्री र ओड्ने सिरक वितरण गरेको छ । बागमती गाउँपालिका-५ ज्यामिरेस्थित देवकी माध्यमिक विद्यालयमा सहयोग सामग्री बितरण गरिएको हो ।

देवकी मावि व्यवस्थापन समिति अध्यक्ष हस्तबहादुर थिङको सभाध्यक्षतामा भएको कार्यक्रममा म्यारोन ट्रेक्स प्रालिका प्रमुख रामकुमार अधिकारीको प्रमुख आथित्यता रहेको थियो । प्रालिले वार्षिक र अर्धवार्षिकरुपमा नेपालका विभिन्न ठाउँमा सामाजिककार्य गर्दै आएको अधिकारीले बताए । कार्यक्रममा देवकी माविका १-८ कक्षासम्म अध्ययन गरिरहेका गरिब बिपन्न विद्यार्थीलाई कापीकलम र ओड्ने सिरक वितरण गरेको हो ।

शैक्षिक सामग्री र ओड्ने सिरक वितरण कार्यक्रमलाई सम्बोधन गर्दै अधिकारीले गत असोजको बाढीले बागमती किनाराका धेरै मानिस बिस्थापित भएको र बागमती नदी किनारकै विद्यालयमा सहयोग गर्नुपर्छ भन्ने उद्देश्यले सहयोग गरिएको बताए । यसका लागि देवकी माविका पूर्वविद्यार्थी बिष्णुमाया गोलेको विशेष पहल रहेको बताए ।

कार्यक्रममा विद्यालयका पूर्वप्रधानाध्यापक एवम् मकवानपुर जिल्ला समन्वय समितिका सदस्य खड्गबहादुर पुलामीको बिशेष आथित्यता रहेको थियो । बागमती गाउँपालिका-५ का अध्यक्ष बिजयकुमार भोलन, अधिवक्ता प्रेमबहादुर थोकर, चिजकुमारी परियारलगायतको उपस्थिति रहेको थियो ।

**माघ १७ गतेदेखि सञ्चालनमा**

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

**नोट** :
☞ घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
☞ नयाँ मोडलको गाडीहरु ।
☞ प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
☞ दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५२१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२

# क्यूपेक मकवानपुरको अधिबेशन शुक्रबार हुने



साझाकुरा संवाददाता

हेटौंडा, ३० माघ/ नेपाल विजुली, पेन्टर, प्लम्बर तथा निर्माण मजदुर युनियन (क्युपेक) नेपाल मकवानपुर शाखाको ८ औं जिल्ला अधिवेशन फागुन २ गते शुक्रबार हुने भएको छ ।

बुधबार पत्रकार सम्मेलन गर्दै मकवानपुर क्युपेकका अध्यक्ष प्रल्हाद राईले अधिवेशनबारे जानकारी दिएका हुन् । नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) को शसक्त घटक युनियनका रुपमा रहेको क्युपेकले अनौपचारिक निर्माण र पर्यावरण क्षेत्रका श्रमिकका पक्षमा राज्यसँग नीति निर्माणमा पहल गर्नुका साथै कार्यस्थलमा पर्ने समस्यालाई सम्बोधन गर्ने काम गर्दै आइरहेको छ ।

जिल्ला अधिवेशनको उद्घघाटन पिप्ले सामुदायिक वन उपभोक्ता समितिको हलमा गरिने छ । बागमती प्रदेशको श्रम रोजगार तथा यातायात मन्त्रीको प्रमुख अतिथ्यता र क्यूपेक नेपालका केन्द्रीय अध्यक्षाको विशेष आतिथ्यतामा अधिवेशन हुने बताइएको छ । अधिवेशनले आगामी ३ वर्षका लागि १९ सदस्यीय नयाँ कार्यसमिति समेत चयन गर्नेछ ।

क्युपेक मकवानपुरमा १ सय ७५ जना प्रतिनिधि र ३ हजार ५ सय साधारण सदस्य आवद्ध छन् भने देशभर १ लाख ८७ हजार ७ सय १७ जना सदस्य आवद्ध छन् । मकवानपुरमा क्युपेकको स्थापना २०६० सालमा स्थापना भएको हो ।

# २० वर्ष कैद सजायको फैसला

साझाकुरा संवाददाता

हेटौंडा, ३० माघ/ बालिकालाई अपहरण, शरीर बन्धक र जबर्जस्तीकरणी गरेको ठहर गर्दै उच्चअदालत पाटन हेटौंडा इजलाशले २० वर्ष कैद सजाय सुनाएको छ ।

न्यायधीशद्धय यमुना भट्टराई र सानुमैया डंगोलको मंगलबार बसेको संयुक्त इजलाशले १२ वर्षीया बालिकालाई अपहरण, शरीर बन्धक र जबर्जस्तीकरणी गरेको ठहर गर्दै रौतहटको चन्द्रपुरका २४ वर्षीय राधेश्याम भनिने रामचन्द्र मुखिया वीनलाई २० वर्ष कैद सजाय तोकेको हो ।

अदातलले वीनबाट ७ लाख २० हजार रुपैयाँ जरिवाना असुलउपर गर्न आदेश गरेको छ । उच्च अदालतले चितवन जिल्ला अदालतले गरेको फैसला उल्टाएको हो । यसअघि चितवन जिल्ला अदालतले अपहरण, शरीरबन्धकमा ४ वर्ष कैद गर्ने फैसला गरेको थियो भने ४० हजार रुपैयाँ जरिवाना तोकेको थियो ।

उच्चअदालतले वीनलाई जबर्जस्ती करणी गरेको अभियोगमा १८ वर्ष र अपहरण, शरीरबन्धकको अभियोगमा २ वर्ष कैद गर्ने फैसला सुनाएको छ । २०७७ माघ २ गते १२ वर्षीया बालिका स्कुलबाट पढेर घरतर्फ फर्कने क्रममा वीनले अपहरण गरेर रौतहट लगी केहीदिन कोठामा थुनेर राखेर बलात्कार गरेका थिए ।




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपानेद्वारा** प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना